प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## प्राविधिक एस.एल.सी तहको रजिष्ट्रेशन फाराम भर्ने बारेको अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०७६।०८।१०)

यस परिषद्का आंगिक, साझेदारी, सरकारी/सामूदायिक विद्यालय र निजी स्तरमा कार्यक्रम सञ्चालनको सम्बन्धन स्वीकृती पाएका शिक्षण संस्थाहरुमा प्राविधिक एस.एल.सी तहको शैक्षिक सत्र २०७६/७७ का लागि लिइएको प्रवेश परीक्षामा उत्तीर्ण भई भर्ना भएका विद्यार्थीहरुको रजिष्ट्रेशन फाराम २०७६ साल मङ्सिर ३० गते भित्रमा नियमित शुल्कमा र २०७६ साल पुष १५ गते भित्र विलम्ब शुल्कमा तपशिल अनुसारको प्रकिया पुऱ्याई परिषद् अन्तर्गतका सम्बन्धित प्रदेश कार्यालयहरुमा रजिष्ट्रेशन फाराम बुझाउनुहुन सम्बन्धित सम्पूर्ण शिक्षण संस्थाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समयभित्र रजिष्ट्रेशन फाराम नबुझाएमा पछि रजिष्ट्रेशन नहुने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**शर्तहरु:**

१. परीक्षा नियन्त्रण कार्यालयवाट शैक्षिक सत्र २०७६/७७ का लागि विभिन्न मितिमा लिइएको प्राविधिक एस.एल.सी तहको प्रवेश तथा पूनः प्रवेश परीक्षामा सामेल भई प्राविधिक एस.एल.सी तहको प्रवेश परीक्षा सम्वन्धी प्रकाशित सूचनामा तोकिएको प्रकृया वमोजिम भर्ना भएका विद्यार्थीहरुको मात्र रजिष्ट्रेशन फाराम भराउनु पर्नेछ ।

२. परिषद्वाट स्वीकृत कोटा अनुसारको मात्र विद्यार्थी संख्या हुनु पर्नेछ ।

३. परिषद्वाट निजी स्तरमा कार्यक्रम सञ्चालनको सम्बन्धन स्वीकृती पाएका शिक्षण संस्थाहरुले रजिष्ट्रेशन शुल्क प्रति विद्यार्थी रु. ५००।- र संस्थागत विकास शुल्क रु. ५००।- बुझाउनु पर्नेछ ।

४. परिषद्का आंगिक, साझेदारी, सरकारी/सामूदायिक विद्यालय अन्तरगत संचालित शैक्षिक कार्यक्रममा अध्ययनरत विद्यार्थीहरुको हकमा रजिष्ट्रेशन शुल्क प्रति विद्यार्थी रु. ५००।- लाग्नेछ ।

५. *सम्बन्धित शिक्षण संस्थाहरुले रजिष्ट्रेशन शुल्क र संस्थागत विकास शुल्क वापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मिति **२०७६ पौष ०१ गते** तथा विलम्ब शुल्क बुझाउने अन्तिम मिति **२०७६ पौष १६ गते** सम्म तोकिएको छ ।*

६. प्रदेश नं १ को कार्यालय ईटहरी, सुनसरीको रा.बा.बैङ्क, इटहरी शाखाको च.हि.नं.२५५०००१२७८०१ मा, प्रदेश नं २ को कार्यालय जनकपुर, धनुषाको रा.बा.बैङ्क, जनकपुर शाखाको च.हि.नं. १५२०००२६९०१ मा, प्रदेश नं ३ को कार्यालय मकवानपुर, हेटौंडाको रा.बा.बैङ्क, हेटौंडा शाखाको च.हि.नं. १३००००३६६९०१ मा, गण्डकी प्रदेशको कार्यालय पोखरा, कास्कीको रा.बा.बैङ्क, पार्दी, पोखरा शाखाको च.हि.नं. ३५००००००२३४०१ मा, प्रदेश नं ५ को कार्यालय बुटवल, रुपन्देहीको रा.बा.बैङ्क, बुटवल शाखाको च.हि.नं. ३३६००००३६१०१ मा, कर्णाली प्रदेशको कार्यालय बिरेन्द्रनगर, सुर्खेतको रा.बा.बैङ्क, सुर्खेत शाखाको च.हि.नं. ४०८००१५५२८०१ मा, सुदुर पश्चिम प्रदेशको कार्यालय धनगढी, कैलालीको रा.बा.बैङ्क, धनगढी शाखाको च.हि.नं. ४१७०००६५०८०१ मा शुल्क जम्मा गरेको सकल भौचर र शिक्षण संस्थाको पत्रसाथ रजिष्ट्रेशन फाराम साथ संलग्न गर्नुपर्नेछ ।

७. **जेहेन्दार र वर्गिकृत छात्रवृत्ति अन्तर्गत छनौट भएका विद्यार्थीहरुको रजिष्ट्रेशन र संस्थागत विकास शुल्क लाग्ने छैन ।**

८. **रजिष्ट्रेशन फारामहरु CTEVT को Web Based Online Integrated Training Management System (ITMS) मा भर्ना भएका परीक्षार्थीहरुको प्रवेश परीक्षाको फाराम ITMS Online मा Entry गरि Registration Form ITMS Online मा Submit गर्नु पर्नेछ । परीक्षार्थीहरुको रजिष्ट्रेशन फाराम ITMS Online मा Submit भएका रजिष्ट्रेशन समष्टिगत अनुसार मिलाई Plastic Coated Index File मा फाईल गरी पेश गर्नु पर्नेछ । कार्यक्रम अनुसारको रजिष्ट्रेशन समष्टिगत फारामको प्रमाणित Hard Copy (Printed Copy) समेत एक प्रति सोहि फाईलमा संलग्न हुनु** पर्नेछ ।

९. रजिष्ट्रेशन फारामसाथ प्रवेश तथा पूनः प्रवेश परीक्षाको नतिजाको प्रति, शैक्षिक योग्यताको प्रमाणपत्रहरु तथा नागरिकता/जन्म दर्ताको प्रमाणपत्र र प्रवेश पूनः प्रवेश परीक्षाको प्रवेश पत्रको प्रतिलिपी अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

१०. नेपाल बाहेक अन्य देशबाट एस.एल.सी./एस.ई.ई वा सो सरहको परीक्षा उत्तीर्ण गर्ने विद्यार्थीहरुले ***अन्य शैक्षिक प्रमाण पत्रका साथै समकक्षता प्रमाणपत्र र माईग्रेशन प्रमाणपत्रको सक्कल प्रति*** पेश गर्नुपर्नेछ । राहदानी तथा प्रवेशाज्ञा आवश्यक पर्ने विदेशी मुलुकका परीक्षार्थीको हकमा राहदानी तथा प्रवेशाज्ञा एवं अध्ययन अनुमति पत्रको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।

११. कुनै सरकारी वा गैह्र सरकारी निकाय तथा संघ, संस्थामा कार्यरत रही प्रवेश परीक्षामा उत्तीर्ण भई भर्ना हुने विद्यार्थीहरुको हकमा आफुले काम गर्ने कार्यालयको विभागीय स्वीकृती पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

१२. LP/AH वा Veterinary Science कार्यक्रमको रजिष्ट्रेशन फाराम भराउंदा शिक्षण संस्थाले सम्वन्धन/स्वीकृति पत्रको प्रतिलिपी सहित कार्यक्रम स्पष्ट रुपमा भर्नुपर्नेछ ।

१३. सम्बन्धित शिक्षण संस्थाहरुले तोकिएको परिषद् अन्तर्गतका प्रदेश कार्यालयहरुमा उक्त रजिष्ट्रेशन फाराम दर्ता गराउनु पर्नेछ ।

१४. यो सूचना, रजिष्ट्रेशन फाराम र फाईलिङ्ग सम्बन्धी कार्य सूची (Check list) परिषद्को वेभसाइट **www.ctevt.org.np** मा उपलब्ध हुनेछ ।

**नोट: CTEVT को Web Based Online Integrated Training Management System (ITMS) को User and Password को लागि परिषद्बाट सम्बन्धन प्राप्त प्राविधिक एस.एल.सी. तहका शिक्षण संस्थाहरुले आफ्नो संस्थाको Letter Pad मा TSLC/Diploma तह संचालन भइरहेका कार्यक्रमहरु तथा सम्पर्क व्यक्तिको नाम र सम्पर्क नम्बर उल्लेख गरि ctevtoce.itms@gmail.com मा e-mail गर्नु पर्नेछ ।**

**परीक्षा नियन्त्रक**